लुम्बिनी प्रदेश सरकार
वन, वातावरण तथा पर्यटन मन्त्रालय
वन निर्देशनालय

डिभिजन वन कार्यालय, बर्दिया

गुलरिया, बर्दिया

☎/🖷 कार्यालय : ०८४-४२०१४६
ईमेल ठेगाना: dfobardiya@gmail.com

प.सं. २०८३।०८४ (वन व्यवस्थापन शाखा) मितिः २०८३।०६।०९

च.नं. ६६६

विषयः सूचना अपलोड गरी सो को जानकारी उपलब्ध गराइदिने सम्बन्धमा ।

श्री वन, वातावरण तथा पर्यटन मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी), नेपाल ।

श्री वन निर्देशनालय,
बुटवल, रुपन्देही ।

प्रस्तुत विषयमा जिल्ला प्रहरी कार्यालय गुलरिया, बर्दियाको प.सं.२०८३।०८४, च.नं ३८२, मिति २०८३।०६।०९ को पत्रसाथ प्राप्त पहिलो पटक काठ डाँक बढाबढ प्रक्रियाद्वारा लिलाम बिक्री सम्बन्धि सूचना पाना २ मिति २०८३।०६।०९ गते यस कार्यालयमा प्राप्त भएकोले सो समूहको माग अनुसार ताहाँको वेबसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिनु हुन सादर अनुरोध छ ।

२०८३/०६/०९

टोलकराज चापागाई
निमित्त डिभिजनल वन अधिकृत

बोधार्थः-

श्री जिल्ला प्रहरी कार्यायल गुलरिया, बर्दिया।
त्यस कार्यालयबाट प्राप्त सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै वेबसाइटमा समेत राखिएको व्यहोरा अनुरोध छ ।

श्री वन उपवस्थापन
२०८३।६।९

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रहरी कार्यालय
(प्रबन्ध शाखा)

कन्ट्रोल: १००
फोन: ०८४-४२०१११, ९८५८०९०१०१, ९८५८०३५५५५

गुलरिया,बर्दिया
मिति: २०८३।०६।०९ गते।
ने.सं.११४६

पत्र संख्या: ०८३/०८४
च.नं. ३८२
प्रा.प.सं. :

विषय: सूचना वेबसाईटमा अपलोड गरी जानकारी पठाईदिने सम्बन्धमा।

श्री डिभिजन वन कार्यालय
गुलारिया, बर्दिया।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८३।०३।०९ गते पहिलो पटक प्रकाशित काठ पहिलो पटक डाँक बढाबढद्वारा लिलाम बिक्री सम्बन्धी विस्तृत सूचना पाना थान-१(एक) यसै पत्रसाथ संलग्न राखी पठाईएको छ। तहाँ कार्यालय, वन वातावरण तथा पर्यटन मन्त्रालय राप्ती उपत्यका (देउखुरी) दाङ र वन निर्देशनालय बुटवल रुपन्देहीको वेबसाईटमा अपलोड गरी सोको जानकारी यस कार्यालयमा पठाईदिनहुन अनुरोध छ।

कार्यालय प्रमुख
(सरोज पौडेल)
प्रहरी उपरीक्षक

डिभिजन वन कार्यालय, बर्दिया
दर्ता नं. :- १२०८
मिति :- ०८३।६।९

नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रहरी कार्यालय गुलरिया बर्दिया

काठ डाँक बढाबढ प्रक्रियाद्वारा लिलाम बिक्रीको सूचना!

प्रथम पटक सूचना प्रकाशन मिति: २०८३।०६।०९ गते शुक्रबार।

यस कार्यालय मातहत प्रहरी चौकी महम्मदपुर बर्दियाको कम्पाउण्ड भित्र उत्पादन भई रहेका काठ तथा दाउराहरु कटान गरी कार्यालयको कम्पाउण्ड भित्र घाटगद्दी गरी राखिएको परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी डाँक बढाबढ प्रक्रियाद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले प्रथम पटक प्रकाशित सूचना अनुसार ईच्छुक व्यक्ति वा फर्मले नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित रु.१०/- को टिकट टाँसी मिति २०८३।०६।१५ गते बिहिबारको दिन १२:०० बजे सम्म दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:-

क्र.स.	लट नं.	जात	थान	परिमाण	दर	न्यूनतम मूल्य रु.	कैफियत
१	१	मसला	१३	११२.८७	१२५	रु.१४१०८.७५/-	

शर्त तथा नियमहरु:-

(१) निवेदन दर्ता गर्ने अन्तिम मिति र समयः मिति २०८३।०६।१५ गते मध्यान्ह १२:००बजे सम्म।
(२) डाँक बढाबढ हुने मिति र समयः मिति २०८३।०६।१५ गते मध्यान्ह १२:३० बजेदेखि।
(३) डाँक बढाबढ न्यूनतम मुल्यबाट शुरु गरिनेछ। सँकलन खर्च छुट्टै बुझाउनु पर्ने छ।
(४) लिलाम सकार गर्न डाँक बोल्ने सबैले डाँक बोल्नु पूर्व न्यूनतम मूल्य रु. **१४१०८.७५/-** को १०%ले हुने रकम नगद धरौटी राख्नु पर्नेछ। डाँक अँक बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्नेछ।
(५) लिलाम स्वीकृत गर्ने अधिकार यस कार्यालयको कार्यालय प्रमुखमा निहित रहने छ।
(६) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समयमा कार्यालयमा आई हेर्न सकिनेछ।
(७) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ७ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्धी कर र संकलन खर्च समेत बुझाई सक्नु पर्नेछ।
(८) अन्य आवश्यक कुराहरु कार्यालयले मनासिब तोके बमोजिम हुनेछ।

कार्यालय प्रमुख
(सरोज पौडेल)
प्रहरी उपरीक्षक